राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com



विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४



**वर्ष ८ अंक ३१ २०८३ भदौ ३ गते बुधवार (19 Aust 2026) पृष्ठ ४ मूल्य रू. ३।-**


## २२ किलो गाँजासहित तीन पक्राउ



दैनिक समाचारदाता

सर्लाही, २ भदौ । प्रहरीले महेन्द्र राजमार्गअन्तर्गत सर्लाहीको लालबन्दी नगरपालिका-१, नवलपुरबाट २२ किलो ८२० ग्राम गाँजासहित दुई महिला र एक अटो चालकलाई पक्राउ गरेको छ।

लागुऔषध प्रभावित क्षेत्रका रूपमा परिचित हरिवन नगरपालिकाको डाबरीबाट मधेश प्रदेश ०३-००१ ह २४४५ नम्बरको अटोमा गाँजा लिएर लालबन्दीतर्फ आउँदै गरेका तीन जनालाई प्रहरीले पक्राउ गरेको हो। पक्राउ पर्नेमा हरिवन नगरपालिका-घुर्कौली निवासी ३० वर्षीय अटो चालक सुशील साह तथा अटोमा सवार २५ वर्षीया जगतारण साह र २५ वर्षीया राधिका साह रहेका छन्। उनीहरूले अटोमा ल्याउँदै गरेको पाँचवटा पोकाबाट २२ किलो ८२० ग्राम गाँजा बरामद गरिएको जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक (डीएसपी) वेदप्रसाद गौतमले जानकारी दिनुभयो।

गाँजासहित पक्राउ परेका तीनै जनालाई इलाका प्रहरी कार्यालय लालबन्दीको हिरासतमा राखी थप अनुसन्धान भइरहेको डीएसपी गौतमले बताउनुभयो।


## मानव बेचबिखन नियन्त्रण गरौं

*मानव बेचबिखन भन्नाले:*

- मानिसलाई फुक्याएर बन्धक बनाउने वा दास बनाउने,
- मानिसलाई खरिद बिक्री गर्ने र जबरजस्ती काममा लगाउने,
- कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने,
- प्रचलित कानुनविपरीत मानव अङ्ग झिक्ने वा व्यापारिक प्रयोजनमा खरिद बिक्री गर्ने,
- वेश्यागमन गर्ने वा गराउनेजस्ता कार्य हुन्।

*तसर्थ:*

- मानव बेचबिखनजन्य कार्य गर्ने / गराउनेलाई कानुनबमोजिम कारबाही हुन्छ,
- मानव बेचबिखन गरे/गराएको जानकारी पाएमा नजिकको प्रहरी कार्यालयमा खबर गरौं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**


# एक दशकपछि ५७ परिवारलाई पुर्जा

दैनिक समाचारदाता

जनकपुरधाम, २ भदौ । धनुषाको सबैला नगरपालिका-११ का ५७ परिवारले नापजाँच सम्पन्न भएको करिब एक दशकपछि जग्गाधनी पुर्जा प्राप्त गरेका छन्।

नापी कार्यालय धनुषाले गाउँ ब्लक (स्ववासी) जग्गासम्बन्धी आवश्यक कानुनी तथा प्रशासनिक प्रक्रिया पूरा गरी ती परिवारलाई जग्गाधनी पुर्जा वितरण गरेको हो।

साविक मखनाहा गाउँ विकास समिति-६, ७, ८ र ९ अन्तर्गत पर्ने गाउँ ब्लक जग्गाको नापजाँच आर्थिक वर्ष २०७२/७३ मै सम्पन्न भएको थियो। तर नापजाँच सकिएपछि जग्गा दर्ताका लागि आवश्यक प्रक्रिया पूरा गर्न स्थानीयको सहभागिता अपेक्षाकृत न्यून हुँदा पुर्जा वितरणमा लामो समय लागेको नापी कार्यालय धनुषाले जनाएको छ।

नापजाँच भइसकेका जग्गाको अभिलेख अद्यावधिक तथा अन्य आवश्यक प्रक्रिया पूरा गरेपछि कार्यालयले ५७ परिवारलाई जग्गाधनी पुर्जा वितरण गरेको हो। पुर्जा पाएसँगै वर्षौंदेखि स्ववासीका रूपमा बसोबास गर्दै आएका परिवारले आफूले भोगचलन गर्दै आएको जग्गामाथि औपचारिक कानुनी स्वामित्व प्राप्त गरेका छन्।



नापी कार्यालय धनुषाका प्रमुख उमेश कुमारले नापजाँच सम्पन्न भए पनि विभिन्न कारणले दर्ता प्रक्रिया अघि बढ्न नसकेका गाउँ ब्लकका जग्गाधनीलाई आवश्यक प्रक्रिया पूरा गरी पुर्जा उपलब्ध गराउने कामलाई प्राथमिकतामा राखिएको बताए।

उनले भने, 'नापजाँच भएर मात्र जग्गाको स्वामित्व पूर्णरूपमा स्थापित हुँदैन। त्यसपछि आवश्यक कानुनी तथा प्रशासनिक प्रक्रिया पूरा गर्नुपर्छ।' स्थानीयको सहभागिता, आवश्यक कागजात र प्रक्रिया पूरा हुँदै गएमा यस्ता पुराना विषयलाई क्रमशः टुंग्याउँदै जग्गाधनी पुर्जा उपलब्ध गराइने उनले बताए।

उनका अनुसार लामो समयदेखि पुर्जाविहीन अवस्थामा रहेका परिवारलाई जग्गाधनी पुर्जा उपलब्ध भएपछि उनीहरूको सम्पत्तिमाथिको कानुनी अधिकार सुनिश्चित हुनुका साथै जग्गाको कारोबार, धितो राख्ने तथा अन्य प्रशासनिक काममा समेत सहजता हुनेछ।

स्थानीयवासीले पनि वर्षौंदेखि भोगचलन गर्दै आएको जग्गाको पुर्जा पाएपछि राज्यबाट आफ्नो स्वामित्व औपचारिक रूपमा प्रमाणित भएको अनुभूति भएको बताएका छन्। नापी कार्यालयका अनुसार गाउँ ब्लक तथा स्ववासी प्रकृतिका नापजाँच सम्पन्न भइसके पनि विभिन्न कारणले दर्ता हुन बाँकी जग्गाको विवरण र प्रक्रिया अध्ययन गरी क्रमशः आवश्यक काम अघि बढाइनेछ। यसबाट लामो समयदेखि जग्गाधनी पुर्जाको प्रतीक्षामा रहेका अन्य परिवारलाई समेत राहत पुग्ने कार्यालयको विश्वास छ।

## गणेश युवा कमिटीका सबै पदाधिकारी निर्विरोध, घोषणा हुन बाँकी

दैनिक समाचारदाता

जनकपुरधाम, २ भदौ । सामाजिक, धार्मिक तथा सांस्कृतिकलगायतका क्षेत्रमा काम गर्दै आएको जनकपुरधामको गणेश युवा कमिटीको नयाँ कार्यसमितिका सबै पदाधिकारी निर्विरोध निर्वाचित भएका छन् । निर्वाचन प्रक्रिया पूरा भएपछि उनीहरूको औपचारिक घोषणा भने गर्न बाँकी रहेको निर्वाचन अधिकृत सन्तोषकुमार साहले जानकारी दिएका छन् ।

निर्वाचन तालिकाअनुसार कमिटीका विभिन्न पदमा मंगलबार मनोनयन दर्ता गर्ने कार्यक्रम तय गरिएको थियो । तर सबै पदमा एक(एक जनाको मात्र उम्मेदवारी दर्ता भएकाले उनीहरू स्वतः निर्विरोध निर्वाचित भएका हुन् ।




कमिटीको अध्यक्षमा रामसोगारथ साह (पप्पु), उपाध्यक्षमा संजयकुमार साह, महासचिवमा अशोककुमार श्रेष्ठ, सचिवमा लक्ष्मीकुमार साह र कोषाध्यक्षमा विष्णुकुमार मण्डल निर्विरोध निर्वाचित भएका छन् ।

त्यस्तै, सदस्य पदमा रंजितकुमार गुप्ता, लक्ष्मण साह, अरुण साह, राकेशकुमार भगत, लालबाबु साह र विजयकुमार साह निर्विरोध निर्वाचित भएका छन्।


निर्वाचन अधिकृत साहका अनुसार निर्वाचन तालिकाअनुसार मंगलबार उम्मेदवारी दर्ता तथा बुधबार दाबी(विरोधलगायतका कार्यक्रम राखिएको छ । हालसम्म सबै पदमा एक(एक जनाको मात्र उम्मेदवारी परेको र कुनै पदमा पनि प्रतिस्पर्धी उम्मेदवारी नपरेकाले दाबी( विरोधको प्रक्रिया पूरा भएपछि उनीहरूलाई औपचारिक रूपमा निर्विरोध निर्वाचित घोषणा गरिने सम्भावना रहेको छ ।


अब अनलाइनबाट बुकिङ्को सुविधा

divyaclinicjanakpur.com




- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दखाई बिनाको सत्केरी




सम्पर्क ठेगाना

दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

**नैना होस्पिटल प्रा.लि.**
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035, Mob. 9801674020



## सम्पादकीय

# चापाकलमा भ्रष्टाचारको चक्र

महोत्तरीको औरही नगरपालिकामा चापाकल तथा ह्याण्डपम्प खरिद र वितरणमा भएको भनिएको अनियमिततामाथि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गर्नु सामान्य प्रशासनिक त्रुटिको विषय मात्र होइन। यो स्थानीय तहमा सार्वजनिक खरिद, पारदर्शिता र जवाफदेहिताको अवस्था कति कमजोर छ भन्ने गम्भीर प्रश्न पनि हो।

आयोगको अनुसन्धानअनुसार आर्थिक वर्ष २०७९/८० मा ह्याण्डपम्प तथा ट्युबवेल खरिद गर्दा सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रक्रिया मिचिएको, एउटै प्रकृतिका सामानलाई विभिन्न खरिद विधिबाट पटक-पटक खरिद गरी 'प्रोक्योरमेन्ट स्प्लिटिङ' गरिएको र प्रतिस्पर्धालाई सीमित पारिएको देखिएको छ। लागत अनुमानमा 'कन्ट्र्याक्टर्स ओभरहेड'का नाममा १५ प्रतिशत रकम थपिनु तथा बोलपत्रबाट खरिद गर्नुपर्ने सामान सिलबन्दी दरभाउपत्र र सोझै खरिद गरिनुले सार्वजनिक खरिद प्रणालीको मर्ममाथि नै प्रश्न उठाएको छ।

त्यति मात्र होइन, खरिद गरिएका सामानको दोहोरो भरपाई तयार गरिएको र वितरण गरिएको भनिएका चापाकल तथा अन्य सामग्री बुझिलिएको विश्वसनीय प्रमाणसमेत प्रस्तुत हुन नसकेको आयोगको दाबी छ। यदि अनुसन्धानबाट देखिएका यी तथ्य अदालतबाट समेत पुष्टि भए भने यसलाई प्रक्रियागत कमजोरी भनेर उम्कन मिल्दैन। यो सार्वजनिक स्रोतको दुरुपयोग र नागरिकको अधिकारमाथिको गम्भीर प्रहार हुनेछ।

स्थानीय तहमा विकास निर्माण र आधारभूत सेवाका नाममा विनियोजन हुने बजेट अन्ततः नागरिककै करबाट संकलित रकम हो। चापाकलजस्तो प्रत्यक्ष रूपमा जनताको जीवनसँग जोडिएको आधारभूत सुविधामा समेत खरिद प्रक्रिया मिलेमतो, प्रतिस्पर्धा सीमित गर्ने प्रवृत्ति र कागजी हिसाब मिलाउने अभ्यास देखिनु झन् चिन्ताजनक विषय हो। यसले 'विकास बजेट' खर्च भयो कि भएन भन्ने प्रश्नभन्दा पनि त्यो बजेट कति पारदर्शी र परिणाममुखी ढंगले खर्च भयो भन्ने प्रश्नलाई प्राथमिकतामा ल्याउँछ।

यस प्रकरणमा तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृतसहित इन्जिनियर, सब-इन्जिनियर, लेखापाल, योजना तथा जिन्सी शाखाका जिम्मेवार कर्मचारी र विभिन्न आपूर्तिकर्ताविरुद्ध आयोगले बिगो तथा सजायको मागदाबी गरेको छ। तर मुद्दा दायर हुँदैमा कोही दोषी ठहर हुँदैन। आरोपको अन्तिम फैसला विशेष अदालतले प्रमाण, बयान र दुवै पक्षको बहसका आधारमा गर्नेछ। त्यसैले आरोपित सबैलाई कानुनी प्रक्रियाको अन्तिम निष्कर्ष नआएसम्म दोषी ठहर गर्ने हतार गर्नु हुँदैन।

तर यो घटनाले स्थानीय तहमा अख्तियार दुरुपयोग रोक्न अपनाइएका विद्यमान संयन्त्र पर्याप्त छन् कि छैनन् भन्ने प्रश्न भने उठाएको छ। जनप्रतिनिधि, कर्मचारी, प्राविधिक र आपूर्तिकर्ताबीचको मिलेमतोबाट सार्वजनिक खरिद प्रभावित हुन सक्ने अवस्था छ भने कागजी प्रक्रिया पूरा गरेको देखाएर मात्र सुशासन सुनिश्चित हुँदैन।

अब स्थानीय तहले पनि यसबाट पाठ सिक्न आवश्यक छ। सार्वजनिक खरिदमा खुला प्रतिस्पर्धा, स्पष्ट लागत अनुमान, वास्तविक आपूर्ति तथा वितरणको प्रमाण, डिजिटल अभिलेख र नियमित सार्वजनिक परीक्षणलाई अनिवार्य बनाउनुपर्छ। जनताका नाममा छुट्याइएको बजेट कहाँ, कसरी र कसका लागि खर्च भयो भन्ने जानकारी नागरिकले सहजै पाउने व्यवस्था हुनुपर्छ।

चापाकल खरिदमा उठेको प्रश्न केही लाख रुपैयाँको हिसाबमा मात्र सीमित छैन। यो स्थानीय सरकारप्रतिको नागरिक विश्वाससँग जोडिएको विषय हो। अदालतले प्रमाणका आधारमा निष्पक्ष फैसला गर्ला नै, तर स्थानीय तहले यस्ता घटनाबाट सिकेर 'कागजमा विकास' होइन, पारदर्शी खर्च र वास्तविक सेवा दिने संस्कार विकास गर्न सके मात्र सुशासनको अर्थ सार्थक हुनेछ।

## तपाईंको आज

मेष : दिन शुभ फलदायक छ। कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ। ऐश्वर्य प्राप्ति, सन्तोष होला।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न। त्यसपछि भने लाभ, सफलता होला।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला।

वृश्चिक : दिन शुभ फलदायक छ। स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ।

धनु : समय बलवान् छ। मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ।

मीन : तपाईंका लागि समय शुभ छ। परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला।

# 'आवारा' र 'किर्ना' को भाष्य : जबजको मर्ममाथि प्रहार



आनन्दप्रसाद पोखरेल

नेकपा (एमाले) नेपाली कम्युनिस्ट आन्दोलनको वैचारिक, सांगठनिक र राजनीतिक प्रतिनिधि हो। यसको इतिहास संस्थागत राजनीतिको गौरव र पर्याय हो; यो कुनै एक व्यक्तिको निजी राजनीतिक यात्राको इतिहास होइन।

यो पुष्पलालको वैचारिक संघर्ष, मदन भण्डारीको जनपक्षीय राजनीतिक चिन्तन, जनताको बहुदलीय जनवाद (जबज) को विकास, हजारौँ नेता-कार्यकर्ताको त्याग, बलिदान, भूमिगत संघर्ष, जेलजीवन, जनसंगठन निर्माण, जनआन्दोलनको सफल सञ्चालन र जनताको निरन्तर समर्थनबाट निर्मित सामूहिक राजनीतिक विरासत हो। एमाले कुनै एक व्यक्तिको योगदानको उपज होइन, यो पुस्तौँपुस्ताको सामूहिक संघर्ष र राजनीतिक चेतनाको परिणाम हो।

आज एमालेभित्र नेतृत्व र असहमतिबिच देखिएको तनावलाई कुनै व्यक्तिविशेषको पक्ष वा विपक्षको सामान्य विवादमा सीमित गरेर बुझ्नु गम्भीर राजनीतिक भूल हुनेछ। यो मूलतः पार्टीको सिद्धान्त, विचार, संगठनात्मक पद्धति, राजनीतिक संस्कृति, नेतृत्वको मनोविज्ञान, वैचारिक सहिष्णुता, जनवादी केन्द्रीयता र नेपालको कम्युनिस्ट आन्दोलनको भविष्यसँग जोडिएको महत्त्वपूर्ण प्रश्न हो।

### *असहमतिमाथि गालीको वर्षा*

साउन ३०-३१ गते इलाम र झापामा पार्टी अध्यक्ष केपी शर्मा ओलीबाट आफूसँग फरक मत राख्ने नेता-कार्यकर्ताप्रति सार्वजनिक रूपमा प्रयोग गरिएका अपमानजनक पदावली र उपमाले देशभरका पार्टी कार्यकर्ता, समर्थक र शुभेच्छुकलाई गम्भीर रूपमा चिन्ताग्रस्त बनाएको छ। अध्यक्षजस्तो जिम्मेवार राजनीतिक व्यक्तित्वको कदबाट यस्ता शब्द प्रयोग हुनु निश्चय नै शोभनीय होइन।

च्यासलस्थित पार्टी कार्यालयमा चिया-खाजा खाँदै पार्टीको वर्तमान अवस्था, पुनर्गठनको आवश्यकता र आगामी दिनमा कम्युनिस्ट आन्दोलनलाई कसरी अगाडि बढाउने भन्ने विषयमा छलफल गर्ने कार्यकर्तालाई 'आवारा' भन्नु; आफ्नो अनुकूल प्रतिवेदन नलेख्ने कार्यदलका सदस्यलाई अपमान गर्दै 'मेरो रगत खाने किर्ना' जस्ता उपनामले लाञ्छित गर्नु; आलोचकलाई 'सडकछाप', 'पार्टी छोड, आलोचना गर्ने अधिकार छैन', 'ट्याउँट्याउँ नगर' भन्ने शैलीमा सम्बोधन गर्नु सामान्य राजनीतिक शिष्टाचार र संस्कार किमार्थ होइन।

यस्ता अभिव्यक्तिलाई हाँसो, व्यङ्ग्य वा तत्कालीन राजनीतिक आवेगका रूपमा मात्र बुझेर टार्न सकिँदैन। कम्युनिस्ट आन्दोलनमा राजनीतिक असहमतिलाई अराजनीतिक भाषाले विस्थापित गर्न थाल्नु वैचारिक विचलन र व्यक्तित्वको क्षय हो।

### *मार्क्सवादी दृष्टिकोणमा असहमति शत्रुता होइन*

मार्क्सवादी-लेनिनवादी राजनीतिक दर्शनको मूल आधार नै समाज, राजनीति र संगठनको गतिशील अन्तर्विरोध, वर्गीय सम्बन्ध, संघर्ष, बहस, आलोचना र आत्मालोचनाको सिद्धान्तबाट बुझ्नुपर्ने हुन्छ। मार्क्सवादी दर्शनले कुनै पनि विचारलाई प्रश्नभन्दा माथि राख्दैन। सत्यको खोजी बहसबाट हुन्छ, विचारको विकास आलोचनाबाट हुन्छ र संगठनको शुद्धीकरण आत्मालोचनाबाट हुन्छ। त्यसैले पार्टीभित्र फरक मत आउनु स्वाभाविक हो। विचारको विकास र संगठनको जीवन्तताका लागि फरक मत अपरिहार्य प्रक्रिया हो।

नेतृत्वसँग असहमत हुनु पार्टीविरोधी हुनु होइन। नेतृत्वको आलोचना गर्नु आन्दोलनको विरोध गर्नु होइन। लोकतान्त्रिक कम्युनिस्ट पार्टीमा आलोचना, प्रश्न र फरक मत राख्ने अधिकारलाई कमजोर पारेर संगठन बलियो बनाउन सकिँदैन।

प्रश्नको उत्तर प्रश्नले होइन, तर्कले दिनुपर्छ। तर्कको उत्तर तथ्यमा आधारित तर्कले दिनुपर्छ। राजनीतिक असहमतिलाई विचार र राजनीतिले उत्तर दिनुपर्छ।

जब विचारको ठाउँमा गाली आउँछ, तर्कको ठाउँमा आरोप आउँछ र राजनीतिक बहसको ठाउँमा व्यक्तिलाई अपमानित गर्ने भाषा आउँछ, तब समस्या केवल भाषाको मात्र रहँदैन; त्यसले पार्टीको राजनीतिक संस्कृति र नेतृत्वको संगठनात्मक दृष्टिकोणमाथि नै गम्भीर प्रश्न उठाउँछ।

### *'आवारा' र 'किर्ना' जस्ता शब्द कति वैचारिक?*

राजनीतिक भाषामा प्रयोग गरिने शब्दले नेतृत्वको मानसिकता र राजनीतिक दृष्टिकोणसमेत अभिव्यक्त गर्छ। कुनै कार्यकर्तालाई 'आवारा' भन्नु उसको विचारसँग असहमति जनाउनु मात्र होइन, उसको राजनीतिक हैसियत र चरित्रलाई नै अवमूल्यन गर्नु हो।

त्यस्तै, वैचारिक र राजनीतिक रूपले असहमत कमरेडहरूलाई 'किर्ना' जस्ता जैविक उपनामबाट लाञ्छित गर्नु मनमा द्वेष राखेर हटाउन वा नष्ट गर्नुपर्ने शत्रुको रूपमा चित्रित गर्ने प्रयास हो।

राजनीतिमा यस्तो भाषाले एउटा खतरनाक मनोदशा प्रकट गर्छ। पहिला विचारमा असहमत हुने व्यक्ति कोपभाजनमा पर्छ, बिस्तारै उसलाई 'गलत' करार गरिन्छ, त्यसपछि ऊ 'पार्टीविरोधी' र अन्ततः 'शत्रु' बन्छ। त्यसपछि ऊ पार्टीभित्र बस्नै नहुने व्यक्तिका रूपमा चित्रित हुन्छ- 'आवारा', 'सडकछाप' भन्दै पार्टी छोड्न चेतावनी दिइन्छ। यस्तो प्रवृत्ति लोकतान्त्रिक कम्युनिस्ट संस्कृतिका लागि अत्यन्त घातक छ। किनकि मानिसलाई राजनीतिक तर्कका आधारमा सहमत गराउने संस्कारबाट कम्युनिस्ट आन्दोलन अघि बढेको हो; मानिसलाई अपमान गरेर, डर सिर्जना गरेर चुप लगाउने संस्कारबाट होइन।

### *कस्तो राजनीतिक संस्कृति निम्त्याउँदै छौँ?*

आज देशभरका कार्यकर्ताले प्रश्न गरिरहेका छन्- कुन मानसिकता र कुन राजनीतिक संस्कृतिले नेतृत्वलाई यति अराजनीतिक भाषा प्रयोग गर्ने ठाउँमा पुर्‍याउँछ? कसरी एउटा कम्युनिस्ट पार्टीको शीर्ष नेतृत्वबाट आफ्नै सहकर्मी, नेता र कार्यकर्तालाई यस्ता निम्नस्तरीय परजीवी 'किर्ना'का रूपमा चित्रण गर्न सकियो? आफ्नै सहकर्मीले पार्टी निर्माणमा योगदान गर्नुपर्छ भन्दा 'किर्ना'को लाञ्छना खेप्नुपर्ने, पार्टी पुनर्गठन आवश्यक छ भन्दा 'आवारा' र 'सडकछाप' भनिनुपर्ने? यस्ता शब्द त वर्गीय शत्रुविरुद्ध पनि प्रयोग गरिँदैन। यो केवल व्यक्तिको चरित्रमाथिको आक्षेप मात्र होइन, विचार र राजनीतिको अधोपतन तथा राजनीतिक संस्कारको क्षयीकरण हो।

कम्युनिस्ट आन्दोलनको आधार वर्गीय चेतना, सामाजिक न्याय, समानता, श्रमको सम्मान, जनताको मुक्ति र वैज्ञानिक राजनीतिक दृष्टिकोण हो। नेतृत्वले आफ्नै कार्यकर्तालाई अपमानित गर्ने भाषा प्रयोग गर्न थाल्यो भने त्यो केवल संगठनात्मक अनुशासनको समस्या मात्र रहँदैन, आन्दोलनको मूल राजनीतिक संस्कृतिसँगै बाझिने विषय बन्छ।

कम्युनिस्ट आन्दोलनले मानिसलाई चेतनशील राजनीतिक नागरिक बनाउन खोज्छ। कार्यकर्तालाई प्रश्न गर्ने, छलफल गर्ने, आलोचना गर्ने र निर्णय निर्माणमा सहभागी हुने राजनीतिक शिक्षा दिन्छ। कार्यकर्ताले नेतृत्वको आलोचना गर्दा 'आवारा' वा 'किर्ना' बन्नुपर्छ भने प्रश्न उठ्छ- हामीले निर्माण गर्न खोजेको कार्यकर्ता कस्तो हो? सोच्ने कार्यकर्ता कि अन्धआदेश मान्ने कार्यकर्ता? दास कि लास? पार्टीमा सोच्ने र प्रश्न गर्ने अधिकार समाप्त हुन्छ भने जीवित संगठन बाँकी रहँदैन; विचार र आन्दोलनको आत्मा पनि सकिन्छ। त्यसैले अराजनीतिक भाषा कम्युनिस्ट आन्दोलनलाई विसर्जनतर्फ लैजाने पूर्वअभ्यास हो किन नभन्ने?

### *अनुशासनको नाममा मौनता स्वीकार्य छैन*

पार्टीमा अनुशासन आवश्यक छ, तर अनुशासन र दासता एउटै कुरा होइनन्। सामूहिक निर्णय भएपछि त्यसको कार्यान्वयनमा संगठनात्मक अनुशासन आवश्यक हुन्छ; तर निर्णय हुनुअघि व्यापक बहस, आलोचना, प्रश्न र फरक मत राख्ने अधिकार त्यत्तिकै आवश्यक हुन्छ। कम्युनिस्ट पार्टीको लोकतान्त्रिक जीवनमा आलोचना र आत्मालोचनाको परम्परा त्यसैका लागि विकसित भएको हो; लेनिनले संगठनात्मक सिद्धान्तको विकास त्यसैका लागि गर्नुभएको हो।

पार्टीमा आलोचना गर्न पाइँदैन भने आत्मालोचना कसरी हुन्छ? समीक्षा कसरी सम्भव हुन्छ? यदि नेतृत्वमाथि प्रश्न उठाउन पाइँदैन भने नेतृत्वका कमजोरी कसरी सच्चिन्छन्? यदि कार्यकर्ताले आफ्नो अनुभव नेतृत्वसमक्ष राख्न सक्दैनन् भने जनताको वास्तविक समस्या नेतृत्वसम्म कसरी पुग्छ? त्यसैले मौनता अनुशासनको प्रमाण होइन; कतिपय अवस्थामा मौनता भयको प्रमाण पनि हुन सक्छ।

मार्क्सवादी संगठनात्मक जीवनमा लोकतान्त्रिक केन्द्रीयताको अर्थ केन्द्रले जे भन्यो आँखा चिम्लेर त्यही मान्नु मात्र होइन। यसको सार हो- निर्णयअघि व्यापक छलफल र निर्णयपछि एकताबद्ध कार्यान्वयन। बहसको ढोका बन्द गरेर कायम गरिएको एकरूपता लोकतान्त्रिक केन्द्रीयता होइन, संगठनात्मक जडता हो।

### *'म नै आन्दोलन हुँ' भन्ने सोचको जोखिम*

एमालेको वर्तमान बहसको अर्को गम्भीर पक्ष व्यक्तिकेन्द्रित राजनीतिक संस्कृतिको विकास हो। कुनै पनि नेताले आफ्नो योगदानलाई महत्त्वपूर्ण ठान्नु स्वाभाविक हो; तर पार्टीको सम्पूर्ण इतिहासलाई आफ्नो व्यक्तिगत योगदानमा सीमित गर्ने प्रवृत्ति लोकतान्त्रिक संगठनका लागि जोखिमपूर्ण हुन्छ। यो निरङ्कुशता र स्वेच्छाचारिताको पूर्वअभ्यास हो।

कुनै पनि पार्टी अध्यक्ष पार्टीको मालिक होइन। अध्यक्ष पार्टीको विधानद्वारा निर्वाचित राजनीतिक प्रतिनिधि हो। पार्टीका कार्यकर्ता अध्यक्षका निजी समर्थक होइनन्, उनीहरू पार्टीका वैधानिक सार्वभौम सदस्य हुन्। एमाले निर्माणमा हजारौँ मानिसको रगत-पसिना बगेको छ। गाउँ-गाउँमा संगठन निर्माण गर्ने कार्यकर्तादेखि विद्यार्थी, महिला, युवा, किसान, मजदुर, जनजाति, दलित, बुद्धिजीवी र विभिन्न जनसंगठनका असंख्य सदस्यको योगदानलाई कुनै एक व्यक्तिको राजनीतिक महत्त्वाकांक्षा र पदको भोकले विस्थापित गर्न सक्दैन।

पार्टी सामूहिक विचार र संघर्षको संस्था हो, कसैको निजी सम्पत्ति होइन। नेतृत्वको वास्तविक शक्ति आलोचकको अस्तित्वबाट देखिन्छ। सशक्त नेतृत्वको परीक्षण उसका प्रशंसकको संख्याले होइन, आलोचकसँगको व्यवहारबाट हुन्छ। आफ्नो प्रशंसा गर्नेहरूलाई सुन्न सजिलो हुन्छ, तर चुनौती दिनेहरूलाई सुन्न कठिन हुन्छ। लोकतान्त्रिक नेतृत्वको महानता कठिन कुरा सुन्न सक्ने क्षमतामा हुन्छ। आलोचकलाई अपमान गरेर नेतृत्व बलियो हुँदैन; बरु आलोचकलाई तर्कबाट सहमत गराएर, गल्ती भए सच्याएर र सही भए स्वीकार गरेर नेतृत्व अझ उँचो बन्छ।

नेतृत्वको वरिपरि केवल प्रशंसकको भीड बाँकी रहनु संगठनात्मक विजय होइन। त्यो कहिलेकाहीँ नेतृत्व सूचना, सत्य र जनताको वास्तविक अनुभूतिबाट टाढिँदै गएको संकेत हुन सक्छ। इतिहासले देखाएको छ- व्यक्तिको वरिपरि आलोचनारहित वातावरण निर्माण हुँदा नेता क्षणिक रूपमा बलियो देखिएला, तर संगठन कमजोर हुँदै जान्छ। त्यसैले नेतृत्वलाई साँचो सूचना दिने, कमजोरी औँल्याउने र आवश्यक पर्दा असहमति जनाउने कार्यकर्ता नेतृत्वका विरोधी होइनन्, संगठनको राजनीतिक स्वास्थ्यका लागि आवश्यक शक्ति हुन्।

### *जबजको वास्तविक परीक्षा कहाँ हुन्छ?*

एमालेले जनताको बहुदलीय जनवाद (जबज) लाई आफ्नो मौलिक राजनीतिक सिद्धान्तका रूपमा स्थापित गरेको छ। जबजको अर्थ केवल आवधिक निर्वाचनमा प्रतिस्पर्धा गर्नु मात्र होइन। यसको सार लोकतान्त्रिक मूल्य, बहुलता, जनताको सार्वभौम भूमिका, राजनीतिक प्रतिस्पर्धा, विधिको शासन र संस्थागत प्रक्रियासँग जोडिएको छ।

त्यसैले जबजको सबैभन्दा ठूलो परीक्षा संसद्मा मात्र होइन, पार्टीभित्रको संगठन, विचार, सिद्धान्त र कार्यकर्ता परिचालनमा हुन्छ।

पार्टीभित्र विचारको सम्मान कति छ? संगठन परिचालन कति लोकतान्त्रिक छ? कार्यकर्ता व्यवस्थापन कति न्यायपूर्ण छ? नेतृत्वसँग असहमत हुने नेता-कार्यकर्तालाई सम्मानपूर्वक सुन्न सकिन्छ कि सकिँदैन? नेतृत्वको आलोचना गर्नेलाई राजनीतिक अपराधी बनाइन्छ कि विचार राख्ने अधिकार दिइन्छ? पार्टीभित्र व्यक्तिभन्दा विधान माथि रहन्छ कि व्यक्ति नै विधान बन्न पुग्छ?

यी प्रश्नहरूको सकारात्मक उत्तर दिन सकिएन भने जबज केवल दस्तावेजमा मात्र सीमित रहन्छ, व्यवहारमा होइन। जबजको वास्तविक परीक्षा विपक्षीसँगको व्यवहारमा मात्र होइन, आफ्नै फरक मत राख्ने कार्यकर्तासँगको व्यवहारमा जाँचिन्छ।

### *पुनर्गठनको बहसलाई गालीले रोक्न सकिँदैन*

आज एमालेभित्र उठिरहेको पुनर्गठनको प्रश्नलाई कसैको व्यक्तिगत महत्त्वाकांक्षा वा नेतृत्वविरोधी अभियानका रूपमा मात्र बुझ्नु उचित हुँदैन। संगठनलाई समयानुकूल बनाउने, वैचारिक जीवनलाई पुनर्जीवित गर्ने, जनसम्बन्ध विस्तार गर्ने र कार्यकर्ताको मनोबल पुनर्स्थापित गर्ने

बाँकी पृष्ठ ३मा

## आनन्दप्रसाद पोखरेल..............

बहस कुनै पनि जीवित राजनीतिक पार्टीको स्वाभाविक प्रक्रिया हो।

पुनर्गठनको मागलाई गाली गरेर रोक्न सकिँदैन। प्रश्नलाई दबाएर प्रश्न समाप्त हुँदैन, असन्तुष्टिलाई अपमान गरेर असन्तुष्टि मेटिँदैन; बरु त्यसले समस्यालाई अझ गहिरो बनाउँछ। आज आवश्यक कुरा पार्टी विभाजन होइन; पार्टीको पुनर्गठन, पुनर्संरचना र वैचारिक पुनर्जागरण हो।

एमाले विभाजनको होइन, पुनर्गठन र पुनर्जागरणको बाटोमा जानुपर्छ। आज एमालेले आफूलाई एउटा सरल तर गम्भीर प्रश्न सोध्नुपर्छ- हामीलाई ताली बजाउने कार्यकर्ता चाहिएको हो कि सत्य बोल्ने?

यदि पार्टीलाई केवल ताली बजाउने कार्यकर्ता मात्र चाहिन्छ भने त्यहाँ विचारको अन्त्य हुन्छ। यदि प्रश्न गर्ने, बहस गर्ने, गल्ती देखाउने र जनताको आवाज नेतृत्वसम्म पुऱ्याउने कार्यकर्ता चाहिन्छ भने पार्टी जीवित रहन्छ।

पार्टी एकताका लागि सबैले एउटै भाषा बोल्नुपर्छ भन्ने छैन। एउटै राजनीतिक उद्देश्य र संगठनात्मक अनुशासनभित्र फरक विचारलाई सम्मानपूर्वक सहअस्तित्वमा राख्न सक्ने क्षमता नै संस्थागत एकताको वास्तविक आधार हो। भयले मौनता जन्माउँछ, तर विश्वासले एकता जन्माउँछ। त्यसैले कार्यकर्तालाई त्रासमा राखेर होइन, विश्वास दिलाएर मात्र पार्टी एकताबद्ध गर्न सकिन्छ।

***व्यक्ति होइन, पार्टी बचाउने बहस***

आजको बहस केपी शर्मा ओलीलाई कमजोर वा बलियो बनाउने बहसमा सीमित छैन; यो एमालेको संस्थागत भविष्यको बहस हो। नेतृत्वको आलोचना गर्नेलाई अपमानित गर्ने, फरक मत राख्नेलाई अवमूल्यन गर्ने र राजनीतिक असहमतिलाई व्यक्तिगत शत्रुतामा बदल्ने प्रवृत्तिले कसैको हित गर्दैन। यसले पार्टीभित्र अविश्वास, भय र विभाजनको मनोविज्ञान मात्र जन्माउँछ।

कम्युनिस्ट आन्दोलनले समाजलाई वैज्ञानिक सोच, आलोचनात्मक चेतना र राजनीतिक विवेक सिकाउने दाबी गर्छ। त्यसैले उसले आफ्नै संगठनभित्र त्यसको विपरीत संस्कृति विकास गर्न मिल्दैन। अराजनीतिक शब्दले राजनीतिक बहसलाई विस्थापित गर्नु केवल भाषाको पतन मात्र होइन, वैचारिक संस्कृतिको पतन हो। वैचारिक संस्कृतिको पतन क्रमशः संगठनात्मक क्षय हुँदै राजनीतिक विसर्जनतर्फ उन्मुख हुन्छ।

त्यसैले आज एमालेभित्र सबैभन्दा आवश्यक कुरा गाली होइन, विचारको बहस हो। आरोप होइन, आत्मसमीक्षा हो। भय होइन, विश्वासको वातावरण हो। व्यक्तिपूजा होइन, संस्थागत लोकतन्त्र हो। अन्धसमर्थन होइन, सहीलाई सही र गलतलाई गलत भन्न सक्ने राजनीतिक संस्कार हो।

***गाली संस्कृतिको अन्त्य र सबैको योगदानको सम्मान***

गाली संस्कृतिको अन्त्य नै वैचारिक संस्कृतिको पुनर्जागरणको सुरुआत हो। एमालेको वर्तमान संकट कुनै व्यक्तिको मात्र संकट होइन; यो पार्टीको राजनीतिक संस्कृति, संगठनात्मक जीवन र वैचारिक दिशासँग जोडिएको प्रश्न हो। मार्क्सवादी-लेनिनवादी दर्शनले सिकाएको आलोचना-आत्मालोचना, द्वन्द्व र वैज्ञानिक दृष्टिकोण तथा जनताको बहुदलीय जनवादले अघि सारेको बहुलता, लोकतान्त्रिक प्रतिस्पर्धा र संस्थागत प्रक्रियालाई पार्टी जीवनमा स्थापित नगरी एमालेले आफ्नो राजनीतिक विरासतको रक्षा गर्न सक्दैन।

नेतृत्वको वास्तविक शक्ति आलोचकलाई चुप लगाउन सक्ने क्षमतामा होइन, आलोचनाबाट आफूलाई सुधार्न सक्ने क्षमतामा हुन्छ। पार्टीको वास्तविक एकता एउटै स्वरमा होइन, फरक मतबिचको राजनीतिक सहअस्तित्वमा हुन्छ। संगठनको वास्तविक शक्ति भयमा होइन, कार्यकर्ताको आत्मविश्वास र वैचारिक चेतनामा हुन्छ।

एमालेको इतिहास कसैको निजी इतिहास होइन। यो हजारौं नेता-कार्यकर्ताको संघर्ष, बलिदान र योगदानको साझा इतिहास हो। त्यसैले यसको भविष्य पनि कुनै एक व्यक्तिको आक्रोश, असहमति वा इच्छाले मात्र निर्धारण गर्न सक्दैन। एमालेको भविष्य उसले आफ्नै असहमतिका आवाजलाई कति सम्मानपूर्वक सुन्न सक्छ, आफ्ना कमजोरीलाई कति इमानदारीपूर्वक स्वीकार गर्न सक्छ र पार्टीलाई व्यक्तिभन्दा माथि संस्थाका रूपमा कति बलियो बनाउन सक्छ भन्ने क्षमतामा निर्भर गर्छ।

यही क्षमताको पुनर्स्थापना एमालेको आजको आवश्यकता मात्र होइन, नेपालको कम्युनिस्ट आन्दोलनलाई विसर्जनबाट जोगाउने अनिवार्य सर्तसमेत हो। आउनुहोस्, इतिहासका सबै योगदानकर्ताको कदर गरौं र आन्दोलनबाट कसैलाई पनि बाहिरिनुपर्ने अवस्था अन्त्य गरौं।

***अन्तमा,***

गालीले पार्टी जोगिँदैन, भयले एकता टिक्दैन। व्यक्तिले मात्र आन्दोलन धान्दैन; आन्दोलन विचार, संगठन, जनसम्बन्ध र सामूहिक नेतृत्वले मात्र जीवित रहन्छ।

त्यसैले :

- पुनर्गठनको बाटो रोक्ने होइन- खोलौं।
- असहमतिलाई दबाउने होइन- सुनौं।
- कार्यकर्तालाई अपमानित गर्ने होइन- सम्मान गरौं।
- पार्टीलाई व्यक्तिको वरिपरि होइन- विचार, विधान र संस्थागत लोकतन्त्रको आधारमा पुनर्निर्माण गरौं।

यही नै एमालेको पुनर्जागरणको बाटो हो, यही नै जबजको व्यावहारिक परीक्षा हो र यही नै नेपालको कम्युनिस्ट आन्दोलनको भविष्य जोगाउने ऐतिहासिक राजनीतिक जिम्मेवारी हो।

# इमरान खानलाई अस्पताल सार्न सर्वोच्च अदालतको आदेश

एजेन्सी

इस्लामावाद २ भदौ । पाकिस्तानको सर्वोच्च अदालतले जेलमा रहेका पूर्वप्रधानमन्त्री तथा पाकिस्तान तहरीक-ए-इन्साफ (पीटीआई)का संस्थापक इमरान खानलाई अस्पताल सार्न आदेश दिएको छ ।



तीन सदस्यीय इजलासले खानलाई रावलपिन्डीस्थित अदियाला जेलबाट दुई दिनभित्र इस्लामाबादको शिफा इन्टरनेसनल अस्पतालमा स्थानान्तरण गर्न आदेश दिएको हो । उनको स्वास्थ्य, विशेषगरी रक्तचापमा देखिएको उतारचढावलाई लिएर चिन्ता बढेपछि पीटीआईले लामो समयदेखि अस्पताल सार्न माग गर्दै आएको थियो ।

अदालतले खानको उपचारको निगरानी गर्न मेडिकल बोर्ड गठन गर्न पनि निर्देशन दिएको छ । उक्त बोर्डमा उनकी बहिनी डा. उज्मा खान र व्यक्तिगत चिकित्सक डा. फैसल सुल्तानलाई समेत समावेश गरिने बताइएको छ । अदालतको आदेशअनुसार खानलाई अस्पतालमा परिवारका सदस्यसँग भेट गर्न तथा विदेशमा रहेका छोराहरूसँग कुराकानी गर्न अनुमति पनि दिइनेछ । उनको अर्को सुनुवाइ सेप्टेम्बर १६ मा तोकिएको छ र त्यसबेलासम्म उनी अस्पतालमै रहने अपेक्षा गरिएको छ ।

७३ वर्षीय खान सन् २०२३ को अगस्टदेखि जेलमा छन् । उनी भ्रष्टाचारसम्बन्धी विभिन्न मुद्दामा दोषी ठहर भएका थिए । खान र उनको पार्टीले भने ती मुद्दाहरू राजनीतिक उद्देश्यबाट प्रेरित भएको दाबी गर्दै आएका छन् । अदालतमा पेस गरिएको अदियाला जेलको रिपोर्टअनुसार अगस्ट १० मा गरिएको मुटुसम्बन्धी परीक्षणमा खानको रक्तचापमा उतारचढाव र परिवारसँग सीमित सम्पर्कका कारण चिन्ता देखिएको थियो । सुनुवाइका क्रममा अदालतले उनको मुटुको अवस्था र नाडी सामान्य नरहेको तथा महत्त्वपूर्ण अंगहरूमा समेत असर पर्न थालेको भन्दै चिन्ता व्यक्त गरेको थियो ।

यसअघि फेब्रुअरीदेखि अदालतहरूले खानलाई अस्पताल सार्ने दुईवटा माग अस्वीकार गरेका थिए ।

पछिल्लो आदेशपछि भने उनी जेलबाहिर अस्पतालमा रहने अवधि सन् २०२३ मा पक्राउ परेयताकै सबैभन्दा लामो हुने भएको छ । पीटीआई नेता जुल्फी बुखारीले अदालतको आदेशलाई आफ्नो पार्टीको लामो समयदेखिको मागको समर्थनका रूपमा व्याख्या गरेका छन् ।

उनका अनुसार जेलभित्र उपलब्ध स्वास्थ्य सेवा स्वतन्त्र विशेषज्ञबाट गरिने विस्तृत परीक्षणको विकल्प हुन सक्दैन । सरकारी अधिकारीहरूले भने खानलाई जेलबाट अस्पताल सार्ने निर्णय कार्यपालिकाले मात्र गर्न नसक्ने र त्यसका लागि न्यायिक अनुमति आवश्यक पर्ने बताउँदै आएका छन् ।

# ४० प्रतिशत स्वास्थ्य संस्थामा मात्र आधारभूत सरसफाइ

एजेन्सी

काठमाडौँ २ भदौ । विश्वका १० मध्ये चारवटा स्वास्थ्य सेवा संस्थाले मात्र बिरामी तथा स्वास्थ्यकर्मीका लागि आवश्यक आधारभूत सरसफाइ मापदण्ड पूरा गरेका छन्। संयुक्त राष्ट्रसङ्घको विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) र युनिसेफले मङ्गलबार सार्वजनिक गरेको प्रतिवेदनअनुसार विश्वका ११ प्रतिशत स्वास्थ्य संस्थामा सरसफाइ सेवा नै उपलब्ध छैन।




डब्लुएचओ र युनिसेफको प्रतिवेदनले पहिलोपटक स्वास्थ्य सेवा संस्थामा आधारभूत सरसफाइ सेवाको विश्वव्यापी अवस्था मापन गरेको हो। सन् २०२५ का लागि गरिएको अनुमानमा केवल ४० प्रतिशत स्वास्थ्य संस्थामा बिरामी तथा कर्मचारीका आवश्यकता पूरा गर्ने, पहुँचयोग्य र प्रयोग गर्न मिल्ने शौचालय रहेको पाइएको छ।

आधारभूत सरसफाइ मापदण्ड पूरा गर्न कर्मचारीका लागि छुट्टै कम्तीमा एउटा शौचालय, महिनावारी स्वच्छताका सुविधासहित कम्तीमा एउटा महिला र पुरुषका लागि छुट्टाछुट्टै शौचालय तथा सीमित गतिशीलता भएका व्यक्तिका लागि पहुँचयोग्य कम्तीमा एउटा शौचालय हुनुपर्ने प्रतिवेदनमा उल्लेख छ ।

सत्तरी देशको तथ्याङ्कमा आधारित प्रतिवेदनले स्वास्थ्य संस्थामा सरसफाइ सेवाको अवस्था क्षेत्रअनुसार निकै फरक रहेको देखाएको छ । उपसहारा अफ्रिकाका केवल २३ प्रतिशत स्वास्थ्य संस्थाले आधारभूत सरसफाइ सेवा उपलब्ध गराएका छन् भने मध्य तथा दक्षिण एसियामा यस्तो सेवा उपलब्ध गराउने संस्थाको हिस्सा ५५ प्रतिशत रहेको छ ।

प्रतिवेदनअनुसार विश्वभर १० मध्ये एकभन्दा बढी स्वास्थ्य संस्थामा कुनै प्रकारको सरसफाइ सेवा छैन । यस्ता संस्थाले करिब ९३ करोड ६० लाख मानिसलाई स्वास्थ्य सेवा प्रदान गर्ने गरेका छन् ।

सरसफाइबाहेक प्रतिवेदनले स्वास्थ्य संस्थामा सुरक्षित खानेपानी, स्वच्छता, वातावरणीय सफाइ तथा स्वास्थ्य सेवा फोहोर व्यवस्थापनको अवस्थासमेत मूल्याङ्कन गरेको छ । सन् २०२५ मा विश्वका करिब ८५ प्रतिशत स्वास्थ्य संस्थामा आधारभूत खानेपानी सेवा, ७२ प्रतिशतमा आधारभूत स्वच्छता सेवा र ७१ प्रतिशतमा स्वास्थ्य सेवा फोहोर व्यवस्थापनका आधारभूत सुविधा रहेको पाइएको छ ।

वातावरणीय सफाइको अवस्था भने अझ कमजोर देखिएको छ । केवल ५९ प्रतिशत स्वास्थ्य संस्थाले आधारभूत वातावरणीय सफाइ मापदण्ड पूरा गरेका छन् । यसका लागि निश्चित सफाइ प्रक्रिया तथा त्यसमा तालिमप्राप्त कर्मचारी आवश्यक पर्ने र सङ्क्रमण रोकथाम तथा नियन्त्रणमा यसको महत्त्वपूर्ण भूमिका रहने प्रतिवेदनमा उल्लेख छ ।

प्रतिवेदनका अनुसार करिब एक अर्ब ५० करोड मानिसलाई सेवा प्रदान गर्ने १८ प्रतिशत स्वास्थ्य संस्थाले वातावरणीय सफाइका कुनै पनि आधारभूत आवश्यकता पूरा गरेका छैनन् । यससम्बन्धी निष्कर्ष ५४ देशको तथ्याङ्कमा आधारित छ ।

गरिब तथा विकासका दृष्टिले पछाडि परेका देशमा स्वास्थ्य संस्थाको सरसफाइ अवस्था अझ कमजोर रहेको पाइएको छ । विश्वका अति कम विकसित राष्ट्रमा केवल २४ प्रतिशत स्वास्थ्य संस्थाले आधारभूत वातावरणीय सफाइ मापदण्ड पूरा गरेका छन् ।

संयुक्त राष्ट्रसङ्घका स्वास्थ्य तथा बालसम्बन्धी निकायले स्वास्थ्य संस्थामा सरसफाइ, खानेपानी र फोहोर व्यवस्थापनको कमजोर अवस्थाले बिरामी तथा स्वास्थ्यकर्मी दुवैको स्वास्थ्य जोखिम बढाउन सक्ने भएकाले आधारभूत सुविधामा लगानी र प्रभावकारी व्यवस्थापन आवश्यक रहेको औँल्याएका छन् ।

विहानको सुरुवात ताजा समाचारसँगै । विहान-विहानै देश-दुनियाँका ताजा, विश्वसनीय र विश्लेषणात्मक समाचार पढ्नुस् –तपाईंको आफ्नै पत्रिका । साथै जहाँ पत्रिका उपलब्ध छैन त्यहाँका लागि-
Website www.esamachardainik.com
राष्ट्रिय दैनिक समाचार दैनिक जनकपुर

# निर्धारित समयमै १५औँ महाधिवेशन सम्पन्न गर्न कांग्रेसको विशेष निर्णय

दैनिक समाचारदाता
काठमाडौँ २ भदौ । नेपाली कांग्रेसले आगामी १५औँ महाधिवेशन निर्धारित समयमै सम्पन्न गर्न पार्टी विधानको एक प्रावधान निलम्बन गर्ने निर्णय गरेको छ।

पार्टी केन्द्रीय कार्यसमितिको सोमबार सम्पन्न बैठकले विशेष परिस्थितिको हवाला दिँदै विधानमा रहेको प्राविधिक जटिलता हटाउन उक्त निर्णय गरेको हो।

बैठकले महाधिवेशनको प्रक्रिया सहज बनाउन पार्टी विधानको धारा ३५(२)(घ) निलम्बन गर्ने निर्णय गरेको छ।

कांग्रेसले आगामी असोज १६ देखि १९ गतेसम्म काठमाडौंमा १५औँ महाधिवेशन गर्ने कार्यतालिका यसअघि नै सार्वजनिक गरिसकेको छ। तर, विधानको धारा ३५(२)(घ) मा उल्लेखित केही समयसीमा र सर्तका कारण निर्धारित मितिमै



महाधिवेशन सम्पन्न गर्न प्राविधिक अवरोध देखिएपछि केन्द्रीय कार्यसमितिले उक्त प्रावधान निलम्बन गर्ने निर्णय गरेको हो।

पार्टीको निर्णयमा भनिएको छ, 'विशेष परिस्थितिमा १५औँ महाधिवेशन निर्धारित समयभित्र सम्पन्न गर्न आवश्यक देखिएकाले विधानको धारा ३५(२)(घ) सम्बन्धमा विधानबमोजिम आवश्यक निलम्बन गर्ने निर्णय गरिएको छ।'

उक्त धारामा महाधिवेशनअघि निश्चित समयभित्र सम्पन्न गर्नुपर्ने विभिन्न साङ्गठनिक प्रक्रियासम्बन्धी व्यवस्था रहेको जनाइएको छ।

पार्टीको वैधानिक म्याद मंसिरमा सकिने तथा असोजमै महाधिवेशन सम्पन्न गर्नुपर्ने दबाबका कारण ती साङ्गठनिक प्रक्रिया निर्धारित समयभित्र पूरा गर्न कठिनाइ देखिएपछि कांग्रेसले विधानको उक्त प्रावधान निलम्बन गर्ने बाटो रोजेको हो।

यस निर्णयसँगै निर्धारित कार्यतालिकाअनुसार १५औँ महाधिवेशन सम्पन्न गर्ने बाटो सहज भएको कांग्रेसको विश्वास छ।

# मोर्चाको मन्त्री नियुक्ति सच्याउन माग



दैनिक समाचारदाता
काठमाडौँ २ भदौ । विभिन्न राजनीतिक दल सम्मिलित अग्रगामी मोर्चाले जनता समाजवादी पार्टी (जसपा) नेपालको निर्देशनविपरीत लुम्बिनी प्रदेशमा सो पार्टीका सांसदलाई मन्त्री बनाउने निर्णय सच्याउन माग गरेको छ।

मोर्चाको मङ्गलबार बसेको बैठकले उक्त निर्णय तत्काल सच्याउनुपर्ने निष्कर्ष निकालेको हो। बैठकले प्रदेश सभामा जसपाका सांसदलाई सरकारको पक्षमा मतदान गराइएको विषयप्रति समेत आपत्ति जनाएको छ।

बैठकपछि जारी विज्ञप्तिमा मोर्चाले पार्टीको निर्देशनविपरीत सांसदलाई मन्त्री बनाउने र सरकारको पक्षमा मतदान गराउने कार्य संसदीय व्यवस्था तथा लोकतान्त्रिक प्रणालीको मान्यताविपरीत भएको जनाएको छ। विज्ञप्तिमा भनिएको छ, 'संसदीय व्यवस्था तथा लोकतान्त्रिक प्रणालीको मान्यताविपरीत हुनुका साथै यो अनैतिक कार्यसमेत भएकाले मोर्चा यसको घोर भर्त्सना र निन्दा गर्दछ। उक्त अनैतिक एवं असंसदीय कार्य तुरुन्त सच्याउनसमेत अनुरोध गरिन्छ।'

मोर्चाको बैठकले आगामी प्रदेश निर्वाचनसम्म आफ्ना कुनै पनि घटक दल प्रदेश सरकारमा सहभागी नहुने सर्वसम्मत निर्णयसमेत गरेको छ।

अग्रगामी मोर्चामा जसपा नेपाल, आम जनता पार्टी (आजपा), प्रगतिशील लोकतान्त्रिक पार्टी (प्रलोपा) लगायतका राजनीतिक दल सहभागी छन्।

# प्रतिनिधि सभा बैठक भदौ ३ गतेसम्म स्थगित

दैनिक समाचारदाता
काठमाडौँ २ भदौ । प्रतिनिधि सभाको बैठक आगामी भदौ ३ गते बुधबार दिउँसो १ बजेसम्मका लागि स्थगित भएको छ। सोमबार बसेको बैठकमा विभिन्न मन्त्रालयसँग सम्बन्धित प्रश्नोत्तर, वार्षिक प्रतिवेदन पेस र विधेयकमाथिको छलफलपछि सभामुख डोलप्रसाद अर्यालले बैठक स्थगित गरेका हुन्।

बैठकको कार्यसूचीअनुसार विभिन्न चार मन्त्रालयका मन्त्रीहरूले सांसदहरूले सोधेका मौखिक प्रश्नहरूको उत्तर दिए। परराष्ट्रमन्त्री शिशिर खनाल, ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठ, संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री खड्क पौडेल र कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरीले आ-आफ्नो मन्त्रालयसँग सम्बन्धित जिज्ञासाहरूको सम्बोधन गरेका थिए।

बैठकमा प्रधानमन्त्री वालेन्द्र शाहको तर्फबाट कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोविता गौतमले थारु आयोगको सातौँ वार्षिक प्रतिवेदन (२०८१ साउन-२०८२ असार) पेस गरेकी थिइन्।

बैठकले परराष्ट्रमन्त्री शिशिर खनालले प्रस्तुत गरेको 'राहदानी (पहिलो संशोधन) विधेयक, २०८३ माथि विचार गरियोस्' भन्ने प्रस्तावलाई बहुमतले स्वीकृत गरेको छ। यससँगै विधेयकमाथिको सैद्धान्तिक छलफल सकिएर संशोधनको प्रक्रिया अघि बढेको छ।

# प्रधानमन्त्री शाहसँग भारतीय सेनाध्यक्षको भेट

दैनिक समाचारदाता
काठमाडौँ २ भदौ । प्रधानमन्त्री तथा रक्षामन्त्री वालेन्द्र (बालेन) शाहसँग भारतका स्थल सेनाध्यक्ष जनरल धीरज सेठले शिष्टाचार भेटवार्ता गरेका छन्।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा मङ्गलबार भएको भेटमा नेपालका लागि भारतका राजदूत नवीन श्रीवास्तवसमेत सहभागी थिए। प्रधानमन्त्रीको सचिवालयका अनुसार भेटवार्ता सौहार्दपूर्ण वातावरणमा सम्पन्न भएको थियो। प्रधान सेनापति अशोकराज सिग्देलको औपचारिक निमन्त्रणमा चारदिने नेपाल भ्रमणको क्रममा भारतीय स्थल सेनाध्यक्ष सेठ आइतबार काठमाडौँ आएका हुन्।



भ्रमणका क्रममा राष्ट्रपति रामचन्द्र पौडेलले सोमबार जनरल सेठलाई नेपाली सेनाको मानार्थ महारथीको दर्ज्यानी चिन्ह प्रदान गरेका थिए।

नेपाल र भारतबीच सन् १९५० देखि एकअर्को देशका सेना प्रमुखलाई मानार्थ महारथीको दर्ज्यानी चिन्ह प्रदान गर्ने परम्परा रहँदै आएको छ।

सोमबार नै प्रधान सेनापति सिग्देल र भारतीय स्थल सेनाध्यक्ष सेठबीच द्विपक्षीय भेटवार्ता भएको थियो। भेटमा दुई देशबीचको सैन्य सहकार्य तथा पारस्परिक सम्बन्धका विषयमा छलफल भएको जनाइएको छ।

# सर्त पूरा नभएसम्म होर्मुज नखुल्ने

एजेन्सी
तेहरान २ भदौ । अन्तरिम समझदारीपत्र (एमओयू)मा गरिएका प्रतिबद्धता अमेरिकाले पूरा नगरेसम्म स्ट्रेट अफ होर्मुज नखोलिने इरानका संसद् सभामुख तथा अमेरिकासँगको वार्ताका प्रमुख वार्ताकार मोहम्मद बाघेर गालिबाफले बताएका छन् ।



गालिबाफका अनुसार सम्झौताका शर्तमा अमेरिकाले इरानमाथिको नौसैनिक नाकाबन्दी हटाउनुपर्ने, विदेशमा रोक्का गरिएका इरानी सम्पत्ति फुकुवा गर्नुपर्ने र इरानी तेलमाथिका प्रतिबन्ध हटाउनुपर्ने लगायतका प्रतिबद्धता छन् ।

'म स्पष्ट रूपमा भन्न चाहन्छु कि: नाकाबन्दी हटाउने, जम्मा गरिएको सम्पत्ति रिहा गर्ने, तेल प्रतिबन्ध हटाउने, सबै मोर्चामा धम्की र सैन्य कारवाहीको अन्त्य गर्ने, र ज्ञापनपत्रमा अमेरिकाले सहमति जनाएको अन्य सर्तहरू सहितको समझदारीपत्रमा अमेरिकाले गरेका प्रतिबद्धताहरू कार्यान्वयन नभएसम्म स्ट्रेट खुल्ने छैन,' गालिबाफले भने ।



- विभिन्न प्रकारको कोटन रोल
- विभिन्न प्रकारका जिङ्जैङ् कोटन
- डिलेभरी पैड सहितका लागि सम्पर्क स्थान

रामेश्वरम सर्जिकल उद्योग
जनकपुरधाम, १४, मधेश प्रदेश
मो.नं.: ९८१९८३५३१४

## माइग्रेशन हराएको सूचना

घरबाट जनकपुरधाम आउने क्रममा बाटोमा हाम्रो माइग्रेशन सर्टिफिकेट सहितको कागजातहरु हराएकोले पाउनु हुने महानुभावहरु निम्न ठेगाना वा नजिकको प्रहरी चौकीमा पुऱ्याई सहयोग गरी दिन हुन हार्दिक अनुरोध गरिन्छ ।

नाम : पूजा कुमारी साह
ठेगाना : जि.ध.औरही गाउँपालिका वडा नं. १
हाल : जनकपुरधाम उपमहानगरपालिका वडा नं.-४
सिम्बल नं. : २१७०२९४८
रजिष्ट्रेशन नं. : ७७१७७३२२
सम्पर्क नं. : ९७४५२२५२९

अब उत्कृष्ट भविष्यको रोजाई



MIT Campus, Janakpurdham

- गुणस्तरीय शिक्षा
- अनुभवी तथा दक्ष शिक्षक टोली
- आधुनिक शिक्षण पद्धति
- अनुशासित र विद्यार्थीमैत्री वातावरण
- उत्कृष्ट नतिजासहित उज्ज्वल भविष्यको सुनिश्चितता

"आजको सही निर्णय, भोलिको सफल भविष्य"

किन रोज्ने
- SEE पछि उत्कृष्ट अध्ययनको अवसर
- विज्ञान, वाणिज्य तथा व्यवस्थापन संकायमा विशेष सफलता
- नियमित कक्षा, अतिरिक्त शैक्षिक गतिविधि र करिअर मार्गदर्शन
- प्रतिस्पर्धात्मक परीक्षाको तयारीमा विशेष ध्यान
- आधुनिक प्रयोगशाला तथा सुविधा सम्पन्न कक्षा कोठा

विज्ञान, वाणिज्य तथा व्यवस्थापन शिक्षामा विश्वासिलो नाम

Janakpurdham-4,Dhanusha Nepal
Mob. No. 9801670856, 9801670861, 9854025907, 9844005260 Phone : 041-425035, 526377
Email: mitcampus.jnk@gmail.com Website : www.mitjnk.edu.np

'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रक: न्यू मोडेल अफसेट प्रेस,.जनकपुरधाम, सम्पादित कार्यालय: विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४